आंधिखोला गाउंपालिका
गाउं कार्यपालिकाको कार्यालय
सेतीदोभान,कृषि, स्याङजा
२०७३

शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

आंधिखोला गाउंपालिका

गाउं कार्यपालिकाको कार्यालय

कृषि, स्याङजा

गण्डकी प्रदेश,नेपाल

# शिलबन्दि दरभाऊ पत्र आब्हान सम्बन्धी सूचना

**सुचना प्रकाशित मिति २०७८।०४।१३**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ घ(१) अनुसार यस जिल्लाको आ.व. २०७८।७९ को लागी निम्न शिर्षकहरुमा कर, सेवाशुल्क, दस्तुर तथा आन्तरिक आय संकलन (ठेक्काबन्दोबस्त) गर्ने प्रयोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंकमा नघट्ने गरि निम्न लिखित शर्तहरुको अधिनमा रहि ठेक्का नम्बर अनुसार शिलबन्दि दरभाउपत्र फाराम खरिद गरि रितपुर्वक शिलबन्दि दरभाउपत्रपेश गर्न यो सुचनाप्रकाशित गरिएको छ ।

## तपसिल

| क्र.सं. | ठे.नं. | ठेक्काको नाम | आ.व.२०७८।७९ को लागि न्यूनतम अंक रु. | दरभाउ पत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| | सडक संरक्षण तथा मर्मत संभार शुल्क | | | |
| १ | १ | नौडाँडा - कार्किनेटाग्रा.स.(सेतीखोलाको पुल देखी हिलेखोला सडक खण्ड) | १,३२८,०००।०० | १,०००।०० |

**शर्तहरु :-**

१) शिलबन्दि दरभाउपत्र पेश गर्दा व्यक्तिले (१ लाख ५० हजार सम्मको हकमा मात्रै )नागरिकताको प्रतिलिपि, स्थायी लेखा नं. र जतिसुकै रकमको बोलपत्र पेश गर्ने फर्म वा संघ संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र नविकरण गरेको, स्थायी लेखा नं., मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रतिलिपी सहित निवेदन दिई तोकिएको दस्तुर नगदै तिरी पछि फिर्ता नहुने गरि यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट शिलबन्दि दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।

२) शिलबन्दि दरभाउपत्र १६ (सोह्रौं) दिन मिति २०७८/०४/२८ गते मध्यान्ह १२ बजे भित्र यस कार्यालय सेतीदोभान कृषिमा दर्ता गर्नु पर्नेछ । शिलबन्दि दरभाउपत्र दाखिला गर्दा शिलबन्दी गरि कार्यालयको नाम, ठेक्का नं. र कामको नाम तथा शिलबन्दि दरभाउपत्रदाताको नाम, ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । शिलबन्दि दरभाउपत्रखरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्बजनिक विदा परेमा उक्त कार्य तत्पश्चात लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

३) शिलबन्दि दरभाउपत्र साथ आफुले कबोल गरेको जम्मा अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको एन आइ सी एशिया बैङ्क लिमिटेड कृषि शाखा स्थित N४CA०५२५४००५२४०२ग-३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

४) म्याद भित्र पेश हुन आएका शिलबन्दि दरभाउपत्रपेश गर्ने अन्तिम दिन मिति २०७८/०४/२८ गते अपरान्ह १ बजे पछि शिलबन्दि दरभाउपत्रदातावा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट बिक्री नभएको शिलबन्दि दरभाउपत्र फाराम भरी आएको, शिलबन्दि दरभाउपत्रदाताको हस्ताक्षर एवं छाप नभएको, प्रचलित कानुनको रित नपुगेको र शर्त राखी पेश भएको शिलबन्दि दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्रखोल्न बाधा पर्ने छैन ।

५) शिलबन्दि दरभाउपत्र आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

६) शिलबन्दि दरभाउपत्र स्विकृत भएमा स्विकृत भएको सुचना प्राप्त भएको मितिले बाटोको म्याद वाहेक ७ (सात) दिन भित्र आफुले कबोल गरेको अंकको ५० प्रतिशत रकम नगदै वा यस कार्यालयको एन आइ सी एशिया बैङ्क लिमिटेड कृषि शाखा स्थित २३४२०५००२८६७६००२ ग-१.१ आन्तरिक राजश्व खाता आंधिखोला गांउपालिकमा जम्मा गरेको सक्कलै बैक भौचर र बाँकी ५० प्रतिशत रकमको लागि कम्तिमा २०७८ माघ मसान्तसम्म म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको परफरमेन्स बण्ड पेश गरि ठेक्का कबुलियत गर्न आउनु पर्नेछ । तर सम्झौताको समयमा कबोल गरेको सम्पूर्ण रकम एकमूष्ठ बुझाउनेको हकमा बैक जमानत आवश्यक पर्ने छैन,साथै कबोल अंकमा १० प्रतिशत छुट दिईनेछ ।यसरी छुट दिदा न्यूनतम अंक भन्दा कम गरिने छैन । सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कबोल अंकको ५० प्रतिशत किस्ता रकम र कबोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नुपर्नेछ । बाकी ५० प्रतिशत मध्ये २५ प्रतिशतले हुने रकम दोस्रो किस्ता वापत २०७८ साल माघ मसान्तसम्म र बाँकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम २०७९ साल बैशाख मसान्तसम्म चुक्ता गरिसक्नु पर्नेछ । धरौटी वापत जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन । म्यादभित्र कबुलियत गर्न नआएमा नियमानुसार अर्को शिलबन्दि दरभाउपत्रदाता लाई ठेक्का दिईनेछ ।

७) शिलबन्दि दरभाउपत्रदाताले शिलबन्दि दरभाउपत्र फाराममा उल्लेखित माल वस्तुमा तोकिएको दररेट अनुसार रकम उठाउनु पर्नेछ । संझौतामा उल्लेख नभएका माल वस्तु र तोकिएको दर भन्दा बढी दररेटमा रकम उठाएमा प्रचलित कानुन अनुसार कारवाही हुनेछ । कर उठाउन पाउने माल वस्तुको विवरण र दररेट शिलबन्दि दरभाउपत्र फाराम साथ उपलब्ध गराईनेछ । शिलबन्दि दरभाउपत्रले उत्पादन स्थल वा तोकिएको संकलन केन्द्रमा

Scanned with CamScanner

आँधीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सैतीदोभान, कृति, स्याङ्जा
२०७३

शेषकान्त पौडेल

कर लाग्ने वस्तुहरु र तिनीहरुको दर स्पष्ट देखिने गरि सूचना पाटीमा टाँस्नु पर्नेछ। ठेक्काको रकम उठाउने सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने समेतको
सम्पुर्ण दायित्व शिलबन्दि दरभाउपत्रदाताको नै हुनेछ। उक्त कारोवार गर्दा वालश्रमको प्रयोग गर्न पाईने छैन र मजदुरको हकमा जिल्ला दररेटमा
कम नहुने गरी ज्याला दिनु पर्नेछ।

८) शिलबन्दि दरभाउपत्र दाताले आंधिखोला गाउंपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिद आफ्नै तर्फबाट छपाई सो रसिद यस कार्यालयबाट
प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ।उक्त रसिदमा स्थायी लेखा नं.उल्लेख गर्नु पर्नेछ साथै दररेट समेत रसिदमा नै उल्लेख गर्नु पर्नेछ र कति परिमाणमा
रसिद प्रयोग भयो सो को विवरण चौमासिक रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्कउ ठाएको उजुरी वा जानकारी
आएमा नियमानुसार कारवाही हुनेछ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बाँकी रहेका व्यक्ति वा फर्महरुले बाँकी रकम चुक्ता नगरे सम्म र पेश्की/वेरुजु बाँकी हुनेले फछ्यौंट
नगरेसम्म बोलपत्रमा भाग लिन पाउने छैनन्।

१०) राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा तगारो राखी कर संकलन गर्न पाईने छैन। सरकारी वा अन्यकुनै कर, शुल्क शिलबन्दि दरभाउपत्रदाता आफैले
व्यहोर्नु पर्नेछ।

११) सरकारी कार्यालयबाट गरिने निर्माण कार्यहरुमा प्रयोग हुने सवारी साधनहरुमा यस गाउंपालिकाबाट लेखिए बमोजिम शिलबन्दि दरभाउपत्रदाताले
छुट दिनु पर्नेछ।बोलपत्रमा उल्लेख गरिएको सडक वा सो सडक अन्तरगत पर्ने कुनै खण्डमा संघिय सरकार,प्रदेश सरकार वा स्थानिय सरकारबाट
सार्वजनिक खरीद ऐन तथा नियमावली बमोजिम कुनै ठेक्का बन्दोबस्त भएमा सो कार्यसंग सम्वन्धित गाडीसंग शुल्क उठाउन पाइने छैन।

१२) स्थानिय स्तरमा पर्न सक्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गर्न पर्यावरणीय दस्तुर वापत स्थानीयतह विकास शुल्क लगाउन सकिने छ।

१३) वन्द हडताल विपत्ति वा कुनै पनि कारणले राजस्व उठाउन नपाएको भनी मिन्हाको मागदावी गर्न पाईने छैन।

१४) प्राप्त शिलबन्दि दरभाउपत्रहरु स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपले स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१५) ठेक्का अवधी समाप्त भएपछि धरौटी फिर्ता लिन र बैंक ग्यारेण्टी फुकुवा गर्न सम्बन्धीत आन्तरीक राजस्व कार्यालयको कर चुक्ता प्रमाणपत्र पेश गर्नु
पर्नेछ। आय कर तथा मुल्य अभिवृद्धि कर सम्बन्धमा प्रचलित आयकर ऐन तथा मु.अ.कर ऐन बमोजिम हुनेछ।

१६) मूल्यअभिवृद्धिकर ऐन २०५२ को दफा १५ (३) बमोजिम कवोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडि असुल गरिने छ।

१७) माथि उल्लेखित शर्तहरुको उल्लघंन गरेमा निजको बोलपत्र धरौटी जफत गरी ठेक्का समेत तोड्न सकिनेछ।

१८) यसमा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन नियमानुसार हुनेछ। साथै नेपाल सरकार,प्रदेश
सरकार र यस आंधिखोला गाउंपालिकाबाट समय समयमा गरिएका निर्देशनहरुको दरभाउ पत्रदाताले पालना गर्नु पर्नेछ।

१९) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालय/ राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner